# श्री नेपाल गाइनीकोलोजीकल अन्कोलोजी समाज को
# विधान २०७४ (सन् २०१७)

## प्रस्तावनाः

नेपाली महिलाहरुको प्रजनन स्वास्थ्यको साथसाथै समग्र स्वास्थ्यमा प्रतिकूल असर पार्ने प्रजनन अङ्गको क्यान्सरको रोकथाम, स्क्रिनिङ्ग, निदान, तथा उपचारबारे जनचेतना, तालीम, शिक्षा तथा अनुसंधानलाई संस्थागत गर्ने उदेस्य लिई सामाजिक उत्तरदायित्व बहन गर्ने प्रतिबध्दताका साथ तत्संबन्धि बिज्ञहरुको बिशुध्द पेशागत संस्था नेपाल गाइनीकोलोजिकल अन्कोलोजी समाज नामक संस्था स्थापनाका लागि संस्था दर्ता ऐन २०३४ को अधिनमा रही यो विधान तयार गरिएको छ।

**परिच्छेद १**
**प्रारम्भिक**

१) **संस्थाको नामः** श्री **नेपाल गाइनीकोलोजीकल अन्कोलोजी समाज** रहनेछ । अंग्रेजीमा **Gynecological Oncology Society of Nepal** रहनेछ । छोटकरीमा **"गोसन"** वा **"GOSON"** रहनेछ ।

क) संस्थाको कार्यालय रहने ठेगाना : यस संस्थाको कार्यालय ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वार्ड नं १३ मा रहनेछ ।

ख) संस्थाको कार्यक्षेत्रः यस श्री **नेपाल गाइनीकोलोजी**कल **अन्कोलोजी समाज** संस्थाको कार्यक्षेत्र ललितपुरभर हुनेछ । आवश्यकता अनुसार स्थानीय अधिकारीको सिफारीसमा देशभर कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

ग) प्रारम्भ : यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

घ) संस्थाको अस्तित्व : यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर(नाफामुलक, गैर राजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्थावाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरीने छैन ।

२) **परिभाषा**

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा:

क) विधान भन्नाले श्री **नेपाल गाइनीकोलोजी**कल **अन्कोलोजी समाज** को विधानलाई संझनुपर्दछ ।

ख) संस्था भन्नाले श्री **नेपाल गाइनीकोलोजी**कल **अन्कोलोजी समाज** लाई जनाउँदछ ।

ग) समिति भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

घ) सभा भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

ङ) पदाधिकारी भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनुपर्दछ ।

च) विनियम भन्नाले यस विधान अन्तर्गत बन्ने विनियमलाई जनाउँछ ।

छ) स्थानीय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

ज) तोकिएको वा ताकिए बमोजिम भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

झ) स्थानीय निकाय भन्नाले गा.वि.स. र महानगर र उपमहानगर र नगरपालिका र जि.वि.स.लाई जनाउने छ ।

३) **संस्थाको छाप र चिन्हः**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरीने छ ।

## परिच्छेद २
## उद्देश्य

४) **संस्थाको उद्देश्य**

प्रचलित कानूनको दायरामा रहि नेपाल सरकार र अन्तर्गतका निकायहरुबाट लागु गरिएका मार्गदर्शन र परिपत्रहरु समेतकलाई पालना गर्ने गरी यस संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ ।

१) महिला प्रजनन अङ्गको क्यान्सर र सो को रोकथाम एवं उपचार बारे जनचेतना फैलाउँने ।

२) महिलन प्रजनन् अङ्गको क्यान्सर रोकथाम तथा उपचारबारे गोष्ठी, सेमिनार सभा,सम्मेलनहरुको आयोजना गर्ने ।

३) क्यान्सर स्क्रीनिङ, परीक्षण, औषधि उपचार तथा शल्यकृया सेवा प्रदान गर्न सहयोग गर्ने ।

४) नेपाल सरकाबाट संचालन हुने क्यान्सर संबन्धी परीक्षण तथा उपचार सेवा एवं कार्यक्रममा विज्ञ सहयोगीको भूमिका निभाउँने ।

५) चिकित्साकर्मीलाई क्यान्सरको निदान, उपचार तथा संप्रेषण बारे तालिम प्रदान गर्ने ।

६) महिला प्रजनन अङ्गको क्यान्सर सँबन्धि कार्यक्रम तथा परियोजना तयार गरी कार्यान्वयन गर्ने ।

७) महिला प्रजनन अङ्गको क्यान्सर संबन्धि अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने ।

८) देश बिदेशका विज्ञ तथा विज्ञ संस्थाहरु सँग ज्ञान-सीप आदान प्रदान गर्ने ।

५) **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**

यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :

१) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्ने छ ।

२) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय समान तथा सवारी खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

३) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तीनको सेवा सर्तहरु निर्धारण गर्नेछ ।

४) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ ।

५) संस्थाको आफ्नो अधिकार प्रयोग गर्न अन्यको हकमा असर पारिने छैन र प्रचलित कानुन विपरित कुनै कार्य गर्ने छैन ।

६) संस्थाले सँबन्धित निकायको नीति निर्देशनको पालना गर्नेछ ।

७) संस्थाले ऐन नियम विपरित प्रतिकुल कार्य गरेमा संस्था दर्ता अधिकारीले संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**६) प्रतिबद्धता :**

यस संस्थाको कुनै क्रियाकलापले नेपाल तथा विदेशी राष्ट अन्तराष्ट्रिय संघ संस्था एवं संगठनको सम्बन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट नीतिको बर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने व्यक्त गर्दछौ ।

## परिच्छेद ३
## सदस्यता

**७) सदस्यहरुको बर्गिकरणः**

यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छः

क) साधारण सदस्य :

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुने छन्

ख) संस्थापक सदस्यहरु :

यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले विधान बमोजिम शुल्क तिरी साधारण वा आजिवन सदस्यता प्राप्त गर्न सक्नेछन् ।

ग) आजीवन सदस्य :

संस्थाको अक्षय कोषका लागि विधान बमोजिम सहयोग दान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजिवन सदस्यता प्रदान गरिने छ ।

घ) मानार्थ सदस्यः

कार्यसमितिले निर्णय गरी साधारण सभाबाट अनुमोदन भए अनुसार मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

**८) सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः**

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :

क) नेपाली नागरिक भएको ।
ख) २१ बर्ष उमेर पुरा गरेको ।
ग) मानसिक सन्तुलन नगुमाएको ।
घ) सार्वजनिक सम्पत्ती हिनाविना गरेको नठहरेको ।
ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।
च) शैक्षिक योग्यता देहाय बमोजिमको भएको ।

**१-**गाइनी अन्कोलोजी बिषयको स्नातकोत्तर अध्ययन गरेको वा

**२-**स्त्रीरोग/प्रसुती बिषयको स्नातकोत्तर अध्ययन पश्चात गाइनी अन्कोलोजी बिषयमा कम्तीमा ६ महिनाको तालिम गरेको वा

**3-**स्त्रीरोग/प्रसुती बिषयको स्नातकोत्तर अध्ययन पश्चात अस्पतालबाट कम्तीमा २ बर्ष गाइनी अन्कोलोजी संबन्धी सेवा प्रदान गरेको ।

**९) संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था** :

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) गैर नेपाली नागरिक
ख) २१ बर्ष उमेर पुरा नगरेको ।
ग) मगज विग्रेको वा बौलाएको ।
घ) सार्वजनिक सम्पत्ति हिनाविना गरेको ठहरेको ।
ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।
च) सम्बन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको ।
छ) साहुको दामासाहमि परेको ।
ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसांझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोजमा अदालतवाट कसुरदन ठहरी सजाय पाई सजाय पाएको एक बर्ष भित्र ।

**१०) सदस्यताको समाप्तिः**

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको वहाल रहने छैन ।

क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ) संस्थाको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ) संस्था विघटन भै खारेज भएमा ।

२) कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद पेश गर्ने मौका दिइने छ ।

**११) सदस्यता शूल्क र सदस्यता गर्ने विधिः**

यस विधानको दफा ७ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१.साधारण सदस्यः

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु. १००। र बार्षिक शुल्क बापत रु. ५००। बुझाई ताकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

ख) त्यस्ता साधारण सदस्यले बार्षिक नविकरण शुल्क रु. ५००। बुझाउनु पर्नेछ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक बर्ष भाद्र महिनाको मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्ने छ ।

२. संस्थापक सदस्यः

क) यो संस्था दर्ता हुदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजिवन सदस्य प्राप्त गर्न सक्ने छन् ।

३. आजिवन सदस्य

संस्थामा एकमुष्ट रु. ५०००। बुझाई तोकिएको प्रकिया अन्तरर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्ने छ ।

४. मानार्थ सदस्यः

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्ने छ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन।

५. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदक लाई दिने छ ।

६. सबै सदस्यहरुले यस बिधान र विधान अन्तरर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गुर्न पर्नेछ ।

७. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको ताकिएको ढांचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

## परिच्छेद ४
## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

**१२) साधारण सभाको गठनः**

यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु बाट संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

१) यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ ।

क) बार्षिक साधारण सभाः बर्षको एक पटक बार्षिक साधारण सभा बस्ने छ ।

ख) विशेष साधारण सभाः संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

२) यस संस्थाको प्रथम साधारण सभा संस्था स्थापना भएको मितिले ६ महिना भित्रमा गरिने छ र त्यसपछिका बार्षिक साधारण सभाहरु आर्थिक बर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिने छ ।

३) यस संस्थाको बार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय, र छलफल गर्ने विषय खोर्ला सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइने छ ।

४) उप दफा ३ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा दफा १८ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिन पुनः साधारण सभा बोलाईने छ ।

**१३) साधारण सभाको काम, कर्तव्य र अधिकारः साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ** ।

क) कार्य समतिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण(पतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितलाई निर्देशन दिने ।

ग) आगामी बर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको बार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याकंन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तरर्गत रहि निर्वाचन गर्ने ।

च) कार्य समितिद्धारा पेश भएका विधान संशोधन,विनियम स्वकिृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको, औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधामा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

## परिच्छेद ५

## कार्य समिति, पदाधिकारीको काम कर्तव्य र अधिकार

**१४) कार्य समिति**
**खण्ड क : कार्य समितिको गठन**

क) कार्य समितिको नियुक्ति बार्षिक साधारण सभाबाट हुनेछ । उक्त कार्य समितिमा निम्न बमोजिमको पद तथा संख्या रहनेछ ।

| | |
|---|---|
| अध्यक्ष (President) | १ |
| उपाध्यक्ष (Vice President) | १ |
| सचिब (Secretary) | १ |
| सह-सचिव (Joint Secretary) | १ |
| कोषाध्यक्ष (Treasurer) | १ |
| सदस्यहरु (Members) | ६ |

ख) यस संस्थामा ११ जनाको कार्य समिति हुनेछ ।
ग) कार्यसमितिको कार्यकाल २ बर्षको हुने छ ।
घ) बार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद ऋक्त हुने आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनित कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ ।
ङ) कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशत ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।
च) कार्य समितिको बैठकमा सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।
छ) कार्य समितिका पदाधिकारीहरुको कुल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै, कार्य समितिको बैठक बस्ने छैन ।
ज) कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थिति भएका अन्य उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।
झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिन सक्नेछ ।
ञ) कार्य समितिको बैडकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखि राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशत ले सही गर्नु पर्नेछ तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।
ट) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएका भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निणर्य पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय मानिने छ ।
ठ) संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य समितिको निर्णयबाट हुनेछ ।

**खण्ड ख :कार्य समितिको काम कर्तव्य र अधिकारः**

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी बर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।
२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्याव्यिन गर्ने गराउने ।
३. संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।
४. साधारण सभाप्रति उत्तरदायी रहने ।
५. संस्थाको उद्देश्य प्राप्तीका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।
६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।
७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।
८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।
९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरि दिने ।
१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५. **पद त्याग गर्न सक्ने**: अध्यक्षले उपाध्यक्ष मार्फत् कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

१६. **अन्य समितिहरुः**

यस विधानको परिधी भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप समितिहरु गठन गर्न सक्ने छ । यसरी गठन भएका समिति वा उप समितिहरुको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ । तर यस्ता समिति वा उप समितिहरुको गठन साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

१७. **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः** कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. अध्यक्षको काम, कर्तव्य र अधिकार:

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।
ख) निर्णायक मत दिने ।
ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
घ) संस्थाको नेतृत्व लिने ।
ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिवलाई निर्देशन दिने ।
च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।
छ) अभिलेख प्रमाणित गर्ने

२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार:

क) अध्यक्षलाई सहयोग गर्ने ।
ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।
ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

३. सचिवको काम, कर्तव्य र अधिकाररुः

क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।
ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।
ग) अभिलेख सुरक्षित राख्ने ।
घ) अध्यक्षले दिएको अन्य जिम्मवारी पुरा गर्ने ।

४. सह-सचिवको काम, कर्तव्य र अधिकाररुः

क)	सचिवलाई सहयोग गर्ने ।
ख)	सचिवले दिएको जिम्मेवारी पुरा गर्ने ।
ग)	सचिवको अनुपस्थितिमा निजको कार्य गर्ने ।

५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः
क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।
ख) साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।
ग) लेखा दुरुस्त राख्ने ।
घ) नियमितरुपमा बार्षिक लेखापरीक्षण गराउने ।

६. सदस्यहरुको काम, कर्तव्य र अधिकारः
क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।
ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

१८. **गणपूरक संख्याः**
कुल सदस्य संख्याको ६७ (सठसठ्ठी) प्रतिशत साधारण सदस्यको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन । तर विधानको दफा ११ को उपदफा (४) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

१९. **संस्थाको कोषः**
१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् :
क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।
ख) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।
ग) संस्थाको चल, अचल सम्पत्ति वा अन्य वस्तुको विक्रिबाट प्राप्त रकम ।
घ) विदेशी संस्था व्यक्ति वा अर्न्तराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।
ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्रापत रकम र
२) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले समाज कल्याण ऐन २०४९ को दफा १६ बमोजिम समाज कल्याण परिषदको पूर्व स्वीकृत लिनु पर्नेछ ।
३) संस्थामा प्राप्त रकम स्थानीय बैकमा जम्मा गरी बैक खाता संचालन गरिने छ ।

२०. **खाता संचालनः** संस्थाको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ ।

२१. **कोषको रकम खर्च गर्ने तरिकाः** संस्थाको अक्षय काषको बार्षिक व्याज रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिने छ ।
क) संस्थाको बार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।
ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।
ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।
घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्ने छ ।

२२. **संस्थाको लेखा र लेखा परिक्षणः**
१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।
२. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुने छ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखतमा पनि संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।
४. लेखा परीक्षणको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम बार्षिक साधारण सभा नभए सम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।
५. संस्थाको लेखा परीक्षणको प्रतिवेदन हरेक बर्ष स्थानीय अधिकारी, जि.वि.स.र समाज कल्याणमा पेश गरिने छ ।

## परिच्छेद ७
## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

२३. **निर्वाचन सम्बन्धी व्यवस्थाः**
संस्था दर्ता भएको ६ महिना भित्र कार्य समितिको निर्वाचन गरी त्यसको जानकारी स्थानीय अधिकारीलाई दिइने छ । निर्वाचन गर्नका लागि तत्काल कायम रहेको कार्य समिति एक निर्वाचन समितिको गठन गर्नेछ । निर्वाचन सम्बन्धी कार्य प्रचलित ऐन कानूनमा तोकिएको तरीका बमोजिम गठित समितिले गर्नेछ । निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएका विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ । निर्वाचन सम्पन्न भएको भोलि पल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

२४. **उमेदवार हुने योग्यताः** कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।
क) २५ बर्ष उमेर पुगको ।
ख) साधारण सदस्य/आजीवन सदस्य
ग) कुनै किसिमको फौजदारी अभियोग नलागेको ।

२५. **अविश्वासको प्रस्तावः**
१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पु(याई संस्थामा दर्ता गर्नु पर्नेछ ।
क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।
ख) प्रस्तावको विषय स्पष्ट र व्यावहारिक हुनु पर्छ ।
ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।
२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकि संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा १२ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ ।
३. अविश्वासको प्रस्ताव माथी छलफलको प्रक्रियाः
क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।
ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।
ग) उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइनेछ ।
४. अविश्वासको प्रस्ताव माथि निर्णयः

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्ताको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा पत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख) साधारण सभाका सदस्यहरुलाई अविश्वाशको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो उपर पुन अविश्वासको प्रस्ताव ल्याउने पाइने छैन ।

२६. **विधान संशोधनः** कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानिय अधिकारी समक्ष सिफारिश गरी पठाउनु पर्नेछ । स्थानिय अधिकारीबाट स्वीकत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

२७. वि**नियम बनाउन सक्नेः**
संस्थाले आफ्नो कार्य सम्पदान गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो को जानकारी स्थानिय अधिकारीलाई दिनु पर्नेछ ।

२८. **कर्मचारीको व्यवस्थाः**

क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयं सेवक राख्ने अवस्था भएका निजले काम गर्ने अवधि पु(याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी , जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत पेष गरी स्वीकृती लिइनेछ ।

२९. **तदर्थ समितिः**
यो संस्था स्थापना गरी दर्ता गराउनुको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ । प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थ कार्यसमितिले गरेका काम कारबाहीहरु यसै विधान सरह भएको मानिने छ ।

३०. **संस्था खारेजी**

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नाका लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

४. कुनै कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको संम्पूण चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

३१. **व्याख्याः** यो विधान र विधान अर्न्तगत बनेको नियम बिनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाक्ष्ई हुनेछ ।

३२. **कार्य समितिका पदाधिकारीहरु र सदस्यहरुले पालना गर्नु पर्नेः** यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गुर्न हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन ।

३३.	**ऐन अनुसार हुनेः**  यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम, र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछन् ।

३४.	**निर्देशनको पालनाः** नेपाल सरकार वा स्थानिय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३५.	**विविध :**

३६.	हामी **नेपाल गाइनीकोलोजीकल अन्कोलोजी समाज** का निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई विधानमा सहीछाप गर्दछौं ।

**सस्थापकहरुको नाम,थरः**

| **क्रम संख्या** | **पद** | **नाम,थर** |
|---|---|---|
| **१** | अध्यक्ष | डा.अचला वैध्य |
| **२** | उपाध्यक्ष | डा.शीला बर्मा |
| **३** | सचिव | डा.गेहनाथ बराल |
| **४** | कोषाध्यक्ष | डा.जितेन्द्र परियार |
| **५** | सदस्य | डा.गणेश दंगाल |
| **६** | सदस्य | डा.रिजुता जोशी |
| **७** | सदस्य | डा.एलिजा श्रेष्ठ |

*अनुसुचि १:*

**संस्थाको छाप र चिन्ह**

यस संस्थाको छाप ठूलो बृत्त भित्र सानो बृत्त भएको गोलाकार हुनेछ। सानो बृत्तभित्र महिलाको सांकेतिक आक्रितिलाई दुई हत्केलाले संरक्षण गरेको चित्र, सो चित्र मुनि संस्थाको छोटकरी नाम र स्थापना बर्ष अंग्रेजी भाषामा तथा दुई बृत्तका परिधिहरुको बीचमा संस्थाको नाम अंग्रेजी भाषामा हुनेछ।